आज मिति २०७६ साल श्रावण २८ गते बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको छलफल एवं निर्णयहरू गरियो।

उपस्थिति

१. नगर प्रमुख श्री गुमानसिंह अर्याल
२. नगर उपप्रमुख श्री लक्ष्मी देवी अधिकारी
३. वडा अध्यक्ष १ नं. वडा श्री बलराम ढोवठ
४. " " २ " " श्री गणेश बहादुर कडेल क्षेत्री
५. " " ३ " " श्री सूर्य कुमार श्रेष्ठ
६. " " ४ " " श्री लालबिर गुरुङ
७. " " ५ " " श्री बम बहादुर गुरुङ
८. " " ६ " " श्री भोज बहादुर रिमाल
९. " " ७ " " श्री गोविन्द बस्नेत
१०. " " ८ " " श्री पवित्रा थापा राना
११. " " ९ " " श्री शरद बराल
१२. " " १० " " श्री पूर्ण बहादुर थापा
१३. " " ११ " " श्री अच्युत बाबु बगाले
१४. कार्यपालिका सदस्य श्री विष्णुमाया राना
१५. " " श्री मन्दिरा दर्लामी
१६. " " श्री देव बहादुर गहतराज
१७. " " श्री अजय गजमेरी
१८. " " श्री मनमाया गुरुङ
१९. " " श्री देव बहादुर खवास
२०. " " श्री कृष्ण नेपाली
२१. " " श्री आशा तामाङ
२२. सदस्य सचिव श्री मोहन प्रसाद मरासिनी

सहजकर्ता कर्मचारी

२३. कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
२४. अधिकृत श्री इश्वर कमल श्रेष्ठ

## कार्यपालिकाको मिति २०७६।४।२९ को ३९ औं बैठकका निर्णयहरु

**निर्णय नं १ : मध्य मर्स्याङ्दीको बाँध क्षेत्रबाट बालुवा झिक्ने बारे ।**

नेपाल विद्युत प्राधिकरण मध्य मर्स्याङ्दी जल विद्युत केन्द्रको मिति २०७६/४/२१ गतेको पत्रबाट जल विद्युत केन्द्रको रिजर्भभ्वायरमा यस बर्ष अत्यधिक मात्रामा बालुवा थुप्रिएर विद्युत निस्कासनमा समेत कठिन भै रहेको हुँदा विगत बर्षहरुमा जस्तै यस बर्ष पनि रिजर्भभ्वायरको माथिल्लो तटीय क्षेत्रबाट बालुवा निकाल्ने व्यवस्था मिलाइदिन अनुरोध भै आएको र ढुङ्गा, गिटी, बालुवा उत्खनन् संकलन, क्रसिङ्ग र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने सम्बन्धी गण्डकी प्रदेशको कार्यविधि, २०७४ को बुँदा ६ (७) मा बाढी, पहिरो, डुबानले राजमार्ग, खेतबारी, गाँउ, बस्ती, शहर बजार, पुल जस्तोमा थुपारेको ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तर स्थानीय तहले हटाउन सक्नेछ भन्ने उल्लेख भएकोले उत्खनन् गरिने बालुवाको मु.अ.क. बाहेक प्रति ट्रिप रु. २५०००।० (६ घन मिटर सम्मको टिप्पर), प्रति ट्रिप रु. ३००००।० (७ देखि ८ घन मिटरसम्मको टिप्पर) र सो भन्दा माथिको प्रति घनमिटरको रु.३५०००।० न्यूनतम अंक कायम गर्ने र सोही अनुसार शिलबन्दी दरभाउपत्र आब्हान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २ : पर्यटन उपसमिति गठन बारे ।**

गण्डकी प्रदेश सरकार उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयको च.नं ७६ मिति २०७६।०४।१९ को प्राप्त पत्रानुसार पर्यटन बर्ष २०१९-२०२२ को सन्दर्भमा यस बेसीशहर नगरपालिकामा पर्यटन प्रवर्द्धनको लागि देहाय अनुसारको नगरपालिकास्तरीय स्थानीय उपसमिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक : श्री गुमानसिंह अर्याल नगर प्रमुख
२. सदस्य : श्री लक्ष्मीदेवी अधिकारी नगर उपप्रमुख
३. सदस्य : श्री गणेश कँडेल वडाध्यक्ष वडा नं २
४. सदस्य : श्री सूर्य कुमार श्रेष्ठ वडाध्यक्ष, वडा नं ३
५. सदस्य : श्री पवित्रा थापा राना वडाध्यक्ष वडा नं ८
६. सदस्य : श्री रामकुमार श्रेष्ठ पर्यटन व्यवसायी बेसीशहर ८
७. सदस्य : श्री दुर्गा गुरुङ पर्यटन व्यवसायी, बेसीशहर ६ पुमागाउँ
८. सदस्य : श्री कन्याकाशी गुरुङ पर्यटन व्यवसायी बेसीशहर ४, पुरानकोट
९. सदस्य सचिव : श्री मोहन प्रसाद मरासिनी प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ३ : स्टोर र वडा नं. ७ को वडा कार्यालयको लागि घर भाडामा लिने बारे ।**

बेसीशहर नगरपालिकाको कार्यालय भवन बसेको स्थानमा स्टोरको लागि पुग्ने गरी पर्याप्त कोठा नभएको र हाल स्टोरको रुपमा प्रयोग गरिरहेको स्थान अपुग भएको र ७ नं वडा कार्यालयको लागि पनि घर भाडामा लिनु पर्ने भएको हुँदा घर भाडामा लिने सम्बन्धी प्रकृया अगाडी बढाई घर भाडामा लिन कार्यालयलाई जिम्मेबारी दिने निर्णय गरियो ।

**निर्णय नं ४ : स्वास्थ्य तर्फको प्रशासनिक खर्चको बाँडफाँड बारे ।**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत प्राथमिक स्वास्थ्य सेवा तर्फ ३७००१०१२ शिर्षकमा स्थानीय तहका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीको तलव भत्ता, महंगी भत्ता, स्थानीय भत्ता, पोषाक खर्च, चाडबाड खर्च र प्रशासनिक खर्च समेत रु. २,२२,९३,०००।० प्राप्त भएकोले सो रकमलाई देहाय बमोजिम बांडफांड गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | बेशीसहर नगरपालिका भित्रका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्थायी कर्मचारीको तलव भत्ता, महंगी भत्ता, स्थानीय भत्ता, पोषाक खर्च, चाडबाड खर्च समेत | १६५५०००।० | |
| २ | बेशीसहर नगरपालिका भित्रका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य क्लिनिकमा कार्यरत सेवा करार तर्फका कर्मचारीको सेवा सुविधा बापतको रकम | ३८४३२५।० | |
| ३ | बेशीसहर सामुदायिक अस्पतालमा कार्यरत मे.अ. १, जनस्वास्थ्य निरीक्षक १ र स्टाफ नर्स १ को तलव भत्ता, महंगी भत्ता, स्थानीय भत्ता, पोषाक खर्च, चाडबाड खर्च समेत | १८०००००।० | |
| ४ | स्वास्थ्य संस्थाहरुको प्रशासनिक खर्च | | |
| क | पानी विजुली | ३५०००।० | |
| ख | संचाल महशूल | २५०००।० | |
| ग | सूचना प्रणाली तथा सफ्टवेयर | ३९७५।० | |
| | जम्मा | २,२२,९३,००० | |

**निर्णय नं ५ : बसपार्कको पार्किङ शुल्क बारे ।**

बेसीशहर नगरपालिका वडा नं ७ स्थित सहजी बसपार्कमा पार्किङ गरिने सवारी साधनहरुको चालु आव २०७६।०७७ मा पार्किङ शुल्क उठाउने प्रयोजनको लागि बेसीशहर नगरपालिकाको आर्थिक ऐन २०७६ को दफा १२ को अनुसुची १० मा तोकिएको दररेटमा पार्किङ शुल्क उठाउने कार्यको लागि न्यूनतम अंक रु २०००००।- (दुई लाख मात्र) कायम गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो । पार्किङ्ग शुल्क देहाय बमोजिम कायम गर्ने ।

| सि.नं. | विवरण | शुल्क रु. | | |
|---|---|---|---|---|
| | | १ घंटा सम्मको | १ घंटा भन्दा बढी तर रात नबस्ने | रात विताउने |
| १ | ठुला सबारी साधन (बस, ट्रक, टिपर आदि) | २०।० | ५०।० | १००।० |
| २ | साना सबारी (कार, जीप, भ्यान आदि) | १०।० | ३०।० | ५०।० |
| ३ | मोटरसाइकल | ५।० | १०।० | |

**निर्णय नं ६ : सहजी बसपार्कको घरटहरा हटाउने बारे ।**

बेसीशहर नगरपालिका ७ सहजी वसपार्क क्षेत्रको सार्वजनिक जग्गा अतिक्रमण गरी बनेका अस्थायी घरटहरा हटाई सवारी साधनको पार्किङ व्यवस्थापन मिलाउनु पर्ने भएको हुँदा सो स्थानमा बनेका घरटहरा हटाउन १५ दिनको सार्वजनिक सुचना जारी गर्ने निर्णय गरियो । सुचना बमोजिम हटाउन अटेरी गरेमा नगरपालिकाले हटाई सोको खर्च सम्बन्धितबाट असुल उपर गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं ७ : नगर प्रहरीका लागि मोटरसाइकल खरीद बारे ।**

नगर प्रहरीको काम कारवाहीलाई थप प्रभावकारी बनाउन एउटा मोटरसाइकल अति आवश्यक परेको हुँदा मोटरसाइकल खरीद कार्यप्रक्रिया अघि बढाई खरीद गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ : घर अभिलेखीकरणलाई निरन्तरता दिने बारे ।**

बेसीशहर नगरपालिका स्थापना हुनुभन्दा अघि निर्माण गरिएका तथा स्थापना पश्चात नगरपालिकाबाट घर निर्माण स्वीकृत नलिई बनेका घरहरुको घर अभिलेखीकरणका लागि सम्बन्धित वडाको वडाध्यक्षको सिफारिश

समेतको आधारमा अभिलेखीकरण गर्ने गरी सो कार्यको म्याद २०७६ साउन १ देखि २०७७ आषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ : उपभोक्ता समिति गठन गरी पेश गर्ने बारे ।**

पाचौं नगरसभाबाट पारित भएका योजनाहरुमध्ये उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने योजनाहरुको लागि २०७६ भाद्र महिना भित्रै उपभोक्ता समिति गठन गरी नगरपालिकामा पेश गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १० : झो.पु.हेरालुको पारिश्रमिक भुक्तानी बारे ।**

झोलुङ्गे पुलका हेरालुहरुको बार्षिक पारिश्रमिक संघीय सरकारबाट जिल्ला समन्वय समितिको कार्यालय मार्फत भुक्तानी दिने गरिएकोमा आ.व. ०७५/०७६ मा उक्त रकम संघीय सरकारले निकासा नदिएको हुनाले पुल हेरालुहरुले पाउनु पर्ने आव २०७५।०७६ को पारिश्रमिक सम्बन्धित वडा कार्यालयको शिफारिशको आधारमा नगरपालिकाको संचित कोष अन्तर्गतको फुटकर योजनाको शिर्षकबाट प्रति हेरालु बार्षिक रु. ६०००।- का दरले भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ : फिल्म सिटी निर्माण बारे ।**

बेसीशहर नगरपालिका वडा नं ३,४ र ५ मा नेपाल सरकारमा दर्ता रहेको चलचित्र निर्माण कम्पनी द स्काइ मूभिज प्रा.लि.लाई स्मार्ट चलचित्र नगरी (Smart Film City) निर्माणका निमित्त नियमानुसार जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १२ : योजनाहरुको रकम भुक्तानी बारे ।**

आ.व. २०७५।०७६ मा संचालन भएका तर विविध कारणले भुक्तानी लिन बाँकी रहेका देहायका योजनाहरुको भुक्तानी सम्झौता रकमको अधिनमा रही अनुगमन समितिको प्रतिवेदन र प्राविधिकबाट पेश भएको कार्यसम्पन्न मुल्याङ्कन प्रतिवेदन समेतका आधारमा चालु आवको फुटकर शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
देहाय :

१. धुरपुरे दुईथोक विम्दा बाखेजगत सडक वेनपा ९ र ५
२. गाउँशहर सिंढी निर्माण, बेनपा ३
३. बुद्ध मार्ग सडक कालोपत्रे लागत साझेदारी बेनपा ८
४. लमजुङ दरबार क्षेत्र पानीको फोहोरा निर्माण वेनपा ३
५. बेसीशहर बाँझाखेत हिले कार्कीडाँडा चिती तिलाहार सडक बेनपा १० र ११
६. साविक बेसीशहर गाविस भवनमाथि ट्रस निर्माण बेनपा ८
७. उदीपुर रिठ्ठेबगर तिलाहार फलेनी सडक बेनपा १ र ११
८. जस्तापाता, खानेपानी तथा सिंचाईको पाइप खरीद,

**निर्णय नं १३ : वडा नं ३ को वडा कार्यालय सञ्चालन व्यवस्थापन बारे ।**

बेशीसहर नगरपालिकाको ३ नं वडा कार्यालय हाल गाउँशहरमा रहेको र उक्त वडाको जनसंख्याको ठूलो हिस्सा रानीकुवा आसपास रहेको कारण धेरै जनसंख्यालाई अपायक परेको गुनासो आएको हुँदा सो कार्यालय हप्तामा ३ दिन तल रानीकुवा क्षेत्रबाट सञ्चालन गर्नको लागि आवश्यक व्यवस्था मिलाउने गरी वडा नं. ३ लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १४ : एम्बुलेन्स खरीद बारे ।**

पाचौं नगरसभाबाट बेसीशहर नगरपालिकाको दुर्गम क्षेत्रलाई लक्षित गरी एउटा एम्बुलेन्स खरीद गर्ने निर्णय भएको हुँदा आवश्यक कार्य प्रक्रिया अघि बढाई खरीद गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ : गाइखुरे झरनाको टेण्डर आह्वान बारे ।**

बेसीशहर नगरपालिका वडा नं. १ स्थित गाईखुरे झरनालाई पर्यटकीय स्थलको रुपमा विकास गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको र सो प्रतिवेदन अनुसार पुर्वाधार विकास गर्न नगरपालिकाको उपलब्ध श्रोत र साधनबाट मात्र सम्भावना नभएकोले सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम काम गर्ने गरी निजी क्षेत्रका इच्छुक लगानीकर्ता/प्रबर्द्धकबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्ने गरी प्रकृया अगाडी बढाउन कार्यालयलाई जिम्मेबारी दिने निर्णय गरियो ।

**निर्णय नं १६ : सामुदायिक भवन निर्माण तथा स्तरोन्नति र लागत साझेदारीमा सडक कालोपत्रेको लागि प्रस्ताव आह्वान गर्ने बारे ।**

बेसीशहर नगरपालिका भित्र नगरपालिकाको नीति वमोजिम लागत साझेदारीमा सामुदायिक भवन नयाँ निर्माण, मर्मत सम्भार तथा स्तरोन्नति र सडक कालोपत्रे गर्न चाहने समुदायले उपभोक्ता समिति गठन गरी नगरपालिकामा योजना माग प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशन/प्रसारण गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ : JCB सञ्चालक समिति गठन गर्ने बारे ।**

नगरपालिकाको स्वामित्वमा रहेको डोजरलाई प्रभावकारी रुपमा परिचालन गर्न प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा प्राविधिक शाखा र प्रशासन शाखा प्रमुख रहने गरी एक समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ : बालुवा ठेक्का बारे ।**

नगर कार्यपालिकाको निर्णय बमोजिम मर्स्याङ्गदी नदीका विभिन्न १४ वटा स्थानबाट बालुवा, गिटी, ग्राभल उत्खनन् गरी बिक्री गर्न ठेक्का बन्दोबस्त गर्न सुचना आव्हान भए अनुसार बोलपत्र पेश भएका र नियमानुसार बोलपत्र स्वीकृत समेत भैसकेको अवस्थामा केही स्थान (खासगरी बेलौति विसौना, गैरीक्याम्पस तल र रिठेवगर घाट) मा पहुँच मार्गका विषयमा विवाद भएकोले उक्त स्थानको जग्गा नाँपजाच गरी सत्यतथ्य रिपोर्ट दिन सम्वन्धित वडाध्यक्ष, इन्जिनियर मिलन कमली र अमिन सहितको तीन सदस्यीय टोली खटाई ७ दिन भित्र प्रतिवेदन दिन लगाउने निर्णय गरियो ।

**निर्णय नं १९ : कृषकहरुको बर्गिकरण बारे ।**

नगरपालिकाले सञ्चालन गर्ने कृषि विकास तथा पशुसेवा तर्फका अनुदान लगायतका कार्यक्रमहरु सञ्चालन गर्दा कृषकहरुको वर्गिकरण गरी सोही वर्गिकरणको आधारमा सञ्चालन गर्दा उपयुक्त हुने हुँदा निश्चित मापदण्डका आधारमा वर्गीकरण गर्ने गरी वडाध्यक्ष, वडा सचिवत सहितको उपस्थितीमा यही भाद्र १५ भित्र १ दिनको अभिमुकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २० : कृषितर्फको कार्यक्रम बारे ।**

चालु आ.व. २०७६।०७७ को कृषितर्फ स्वीकृत कार्यक्रमको सन्दर्भमा बेसीशहर नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन समितिको मिति २०७६ श्रावण २१ गतेको बैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१ : बेसिशहर नगरपालिकाको आ.ब २०७६/२०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तरकारी पकेट क्षेत्रका लागि रु. ८ लाख विनियोजन भएकोमा उक्त रकममबाट देहायका कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वजेट | कैफियत |
|---|---|---|---|
| १। | ५० प्रतिशत अनुदानमा १२×६ मिटरको १२० जि एस एम को सिलपोलिन प्लास्टिक अनुदान | रु. १२८०००। | बे.न.पा २ मा च्वाइस नेपालको सहयोगमा बनेका ४० स्थायी टनेललाई ४० गोटा सिलपोलिन दिने । |
| २। | स्थाई टनेल १२×६ मिटरको टनेला निर्माणकालागी ३० बटा लाई अनुदान/ कृषक संग साझेदारी | रु.४५००००। | प्रति कलस्टरमा १० वटाका दरले तिन ठाउमा ३ वटा क्लष्टरमा स्थाई टनेल निर्माण गर्ने गरी कृषकबाट निवेदन लिन सुचना प्रकाशन गर्ने । |
| ३। | ५० प्रतिशत अनुदानमा १२×६ मिटरको १२० जि एस एम को सिलपोलिन प्लास्टिक अनुदान | रु. १६००००। | नगरपालिकाका अन्य वडामा दिने, |
| ४। | कृषक स्तरिय स्थलगत घुम्ति तालिम | रु. ५२०००।० | ४ स्थानमा । |
| ५। | ढुवानी | रु १००००। | |

२ : कम्तीमा १० रोपनी जग्गा लिजमा लिई/चक्लाबन्दी गरी व्यवसायिक तरकारी खेति गर्न चाहने कृषकलाई बार्षिक लाग्ने जग्गा भाडाको ५० प्रतिशत रकम अनुदान दिने बेसिशहर नगरपालिकाको आ.ब २०७६/२०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस योजनामा समावेश हुन चाहने कृषकलाई आफ्नो व्यवसायिक योजना सहित निवेदन दिन सुचना आब्हान गर्ने निर्णय गरियो ।

३ : बेसिशहर नगरपालिकाको आ.ब २०७६/२०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मौरी पकेट क्षेत्र प्याकेज कार्यक्रमकम बिनियोजित रकम रु १२०००००। बाट देहायका कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वजेट | कैफियत |
|---|---|---|---|
| १। | ५० प्रतिशत अनुदानमा खालि तथा गोलासहित मौरी घार | रु. १०२००००। | • खालि ३०० घार<br>• गोला सहित १०० घार |
| २। | मौरीपालन संबन्धि स्थलगत घुम्ति तालिम संचालन ४ ठाउँ | रु ६००००। | वडा नं २,४,१० र ११ वडामा |
| ३। | कार्यक्रम अनुगमन | रु. ६००००।० | अन्य कृषि कार्यक्रम समेत |
| ४। | ढुवानी | रु. ६००००।० | |

४ : कृषि यान्त्रिकरण र उपकरण सहयोग कार्यक्रम अन्र्तगत कृषि यन्त्र (मिनिटिलर) कार्यक्रममा विनियोजित रु. १० लाखबाट कृषि यन्त्र ( मिनि टिलर) खरिदका लागि शिलबन्दी दरभाउपत्र आब्हान गर्ने र खरिद भएका कृषि यन्त्र ( मिनि टिलर) कृषकको ५० प्रतिशत लागत साझेदारीमा उपलब्ध गराउने गरी यस योजनामा समावेश हुन चाहने कृषकलाई निवेदन दिन सुचना आब्हान गर्ने निर्णय गरियो ।

५ : कृषि तथा पशु पन्छि बिमा सहयोग कार्यक्रम अन्तर्रगत कृषि तथा पशु पन्छि बिमा गर्ने कृषकहरुलाई प्रिमियम रकमको १५ प्रतिशत अनुदान, कृषि तथा पशु पन्छि बिमा सहयोग कार्यक्रममा बिनियोजीत रकम रु. २ लाखबाट उपलब्ध गराउने निर्णय गरियो ।

६ : च्याउ खेति सहयोग कार्यक्रम बिनियोजीत रकम रु. २०००००।० लाखबाट कृषकहरुलाई स्थलगत तालिम सहित ५० प्रतिशत अनुदानमा च्याउ बिउ बितरण, व्यबसायिक रुपमा च्याउ खेतिका लागी आबस्यक पर्ने सामाग्री अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

७ : अगुवा कृषक अबलोकन भ्रमणमा बिनियोजीत रकम रु.३०००००।० बाट हरेक वडाबाट ३ जना व्यबसायिक कृषक (पशुपालक कृषक मध्ये १ जना र व्यवसायिक तरकारी तथा खाद्यानबाली कृषकबाट २ जना गरी ३ जना) छनौट गरि कृषक भ्रमण सम्पन्न गर्ने निर्णय गरियो ।

८ : संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अर्न्तगत सहकारी सिचाई /साना सिचाई मर्मत संभार तथा निर्माण कार्यक्रम संबन्धमा बिनियोजीत रकम रु ५०००००।० लाखबाट आयोजना छनौट गर्न कृषि सहकारी तथा कृषक समुहबाट निबेदन माग गर्नका लागी सुचना माग गर्ने निर्णय गरियो ।

९ : कागती खेती प्रबर्धन कार्यक्रमका लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम बाट रु २२५००००। प्राप्त भएको र बेसिशहर नगरपालिकाबाट बिनियोजीत रु ३०००००। गरि जम्मा रु २५५००००। बाट देहाय बमोजिमको कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वजेट | कैफियत |
|---|---|---|---|
| १। | कागतीका विरुवा उत्पादन गर्न नर्सरी स्थापना | रु. ५०००००।० | • दुई स्थानमा नर्सरी स्थापना गर्न अनुदान दिने, |
| २। | कृषकसंगको लागत साझेदारीमा कागती विरुवा वितरण | रु. १४८८०००।० | • नगरपालिकाको ७५ र कृषकको ३० प्रतिशत लागत सहभागीता हुने । |
| ३। | कागती खेती गर्ने कृषकलाई सामग्री सहयोग र सिंचाईका लागि पाइप | रु.४०००००।० | • |
| ४। | कागती खेती कृषक तालिम | रु. ६००००।० | • कृषकको माग अनुसार |
| ५। | कृषि व्यवसाय प्रबर्द्धन समिति बैठक | रु.७२०००।० | • बढीमा ६ बैठक |
| ६। | अनुगमन | रु. ३००००।० | • |

**निर्णय नं २१ : सहकारीसंस्थाको लेखा परीक्षण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको आव २०७५।०७६ को लेखा परीक्षण गर्न सम्बन्धित सहकारीबाट लेखा परीक्षक तोकि पठाएको अवस्थामा त्यस्ता लेखा परीक्षकबाट (व्यक्ति, फर्म वा कम्पनी) रु १५००।० व्यवसाय कर लिई लेखा परीक्षणका लागि शिफारिश दिने निर्णय गरियो ।

**निर्णय नं २२ : सामाजिक सुरक्षा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समिति गठन बारे ।**

केन्द्रीय पञ्जिकरण विभागको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा नं २८ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षण गर्न यस बेसीशहर नगरपालिकामा देहाय वमोजिमको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

देहाय :

१. संयोजक श्री लक्ष्मीदेवी अधिकारी उपप्रमुख
२. सदस्य श्री देव बहादुर गहतराज, कार्यपालिका सदस्य
३. सदस्य श्री आशा तामाङ्ग, कार्यपालिका सदस्य
४. सदस्य श्री रुद्रनिधी तिवारी, प्रतिनिधि, जेष्ठ नागरिक संघ
५. सदस्य श्री सिताराम बस्याल, राष्ट्रिय अपांग महासंघ
६. सदस्य श्री आश गुरुङ्ग, पत्रकार महासंघ
७. सदस्य श्री इश्वर कमल श्रेष्ठ, पंजीकरण शाखा प्रमुख
८. सदस्य सचिव श्री रेशम घिमिरे

**निर्णय नं २३ : गैससको कार्यक्रम स्वीकृति बारे**

पोखरा महानगरपालिका ८ स्थित नमस्ते किड्स नामक गैर सरकारी संस्थाले यस नगरपालिकामा शिक्षा र स्वास्थ्यको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नको लागि परियोजना प्रस्ताव तथा अन्य कागजात सहित निवेदन पेश गरेको र यस बारे अध्ययन हुँदा सो संस्थालाई आव २०७६।०७७ र २०७७।०७८ मा कार्यक्रम सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २४ : कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेलको म्याद थप बारे**

बेसीशहर नगरपालिकामा कार्यक्रम अधिकृत पदमा कार्यरत मेघेन्द्र पोखरेलले साविकमा खाइपाई आएको मासिक तलव भत्ता पाउने गरी २०७६ पौष मसान्त सम्मको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं २५ : स्वास्थ्यतर्फका कर्मचारीको करार नविकरण बारे**

बेसीशहर नगरपालिका भित्र स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा सहरी स्वास्थ्य क्लिनिकमा कार्यरत देहायका कर्मचारीको करार म्याद २०७६ पौष मसान्त सम्म थप गर्ने र सेवा सुविधा कम्प्यूटर सहायकको मासिक २१५००।०, अहेव र अनमीको रु. १५५००।० र का.स. को ११५००।० तोक्ने साथै पोषाक खर्च र चाडबाड खर्च पनि दिने निर्णय गरियो ।

| क्र सं | पद | नाम थर |
|---|---|---|
| १। | कम्पटर सहायक | सुमन वावु घिमिरे |
| २। | अ.हे.व | भगवति त्रिपाठी |
| ३। | अ.न.मी | ज्योति जोशी |
| ४। | अ.हे.व | चन्दु भण्डारी |
| ५। | अ.न.मी | सुस्मिता खड्का |
| ६। | अ.हे.व | अमृता अछामी हिमाली |
| ७। | अ.न.मी | सपना गुरुङ |
| ८। | अ.हे.व | जमुना सुनार |
| ९। | अ.न.मी | अनिता कार्की रावल |
| १०। | अ.हे.व | वेन्जना वस्नेत |
| ११। | का.स | अनिसा वोहरा |
| १२। | का.स | उमा गुरुङ |

| | | |
|---|---|---|
| १३। | का.स | मेख वहादुर गुरुङ |
| १४। | का.स | संगीता गुरुङ |
| १५। | का.स | प्रेम वहादुर गुरुङ |
| १६। | का.स | सत्य देवी दनाई भण्डारी |
| १७। | का.स | गोमा घिमिरे वोहरा |
| १८। | का.स | पार्वती रावल राई |
| १९। | का.स | सिता नेपाली |
| २०। | का.स | लक्ष्मी रिमाल |

**निर्णय नं २६ : कृषि र पशुसेवातर्फका कर्मचारीको करार म्याद थप बारे**

नेपाल सरकारको एक गाविस एक कृषि प्राविधिक नीति अन्तर्गत बेसीशहर नगरपालिकामा साविक ३ जना कृषि प्राविधिक कार्यरत रहेका र हाल संघीय सरकारबाट उक्त प्राविधिकका लागि प्रति प्राविधिक रु. १ लाख ६ हजार रकम प्राप्त हुने पत्र प्राप्त भएकोले सोही रकमले पुगेसम्म बढीमा ५ महिनाको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं २७ : गरीवसंग विश्वेश्वर कार्यक्रमतर्फका कर्मचारीको करार म्याद थप बारे**

साविक गरिवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत बेसीशहर नगरपालिकामा २ जना सामाजिक परिचालक कार्यरत रहेकोले सम्बन्धित कार्यक्रमबाट कार्यक्रम र वजेट प्राप्त भए बमोजिम सेवा सुविधा दिने गरी हाललाई ०७६ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं २८ : सहजी खेलकुद मैदानको जग्गा खरिदको रकम भुक्तानी दिने बारे ।**

सहजी खेलकुद मैदानका लागि जग्गा खरिद गर्न आ.व. ०७५/०७६ मा रकम विनियोजन भएकोमा जग्गा खरिद भएपनि रकम भुक्तानी हुन नसकेको हुनाले जग्गा खरिदबापतको रु. १५ लाख र पुँजीगत लाभकर र लेखापढी खर्च बापतको रु. ६७,०००।० चालु बर्षको अ.ल्या. वजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९ : उपचार खर्च सहयोग बारे**

यस कार्यालयका कर्मचारी चित्र बहादुर बोहोरा कार्यालयमा काम गरिरहेकै अवस्थामा वेहोश भै उपचारको लागि वेशीसहर अस्पतालमा भर्ना गरिएकोमा त्यहाँ उपचार हुन नसकी काठमाडौ रेफर गरेकोमा निजको बेन हेमरेज भै सोको अपरेसन गर्नुपर्ने भएकोले उपचार खर्च स्वरुप निजलाई ५८,५००।- (एम्बुलेन्स खर्च ८५००।०समेत) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३० : नयाँ कार्यालय भवनमा पार्टिशन तथा अन्य संरचना निर्माण बारे ।**

नगरपालिकाको प्रशासकीय भवनको कोठाहरु पार्टिशन गर्ने, माथिल्लो तलामा ट्रसको छाना राखी बैठक कक्ष निर्माण गर्ने तथा भवन अगाडिको जग्गामा समेत संरचना निर्माण गर्नुपर्ने भएकोले यसको लागि प्राविधिक लागत इष्टिमेट तयार गरी प्रक्रिया वमोजिम निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।